# संघीय संसद
## प्रतिनिधि सभा
## कृषि, सहकारी तथा प्राकृतिक श्रोत समिति
## (उपस्थिति र निर्णय पुस्तिका)

**बैठक संख्याः** ३
**मितिः** २०८०/०३/०७
**प्रारम्भः** बिहान ११:०० बजे
**अन्त्यः** दिउसो २:४५ बजे

यस समितिको बैठक प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७६ को उपनियम (१०) बमोजिम समितिमा उपस्थित सदस्यहरुमध्ये माननीय जेष्ठ सदस्य श्री अम्मर बहादुर थापाको सभापतित्वमा बस्यो। बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छः-

**पदेन सदस्यः**

| क्र.स. | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल | |
| २. | माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री डा. बेदुराम भुसाल | ✓ |
| ३. | माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री रञ्जिता श्रेष्ठ | |
| ४. | माननीय वन तथा वातावरण मन्त्री श्री वीरेन्द्र प्रसाद महतो | |

**सदस्यहरुः**

| क्र.स. | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | मा० अम्मर बहादुर थापा | ✓ |
| २. | मा० अनिशा नेपाली | ✓ |
| ३. | मा० अब्दुल खांन | |
| ४. | मा० अमृत लाल राजवंशी | ✓ |
| ५. | मा० अशोक कुमार चौधरी | ✓ |
| ६. | मा० डा. आरजु राणा | |
| ७. | मा० कुसुमदेवी थापा | ✓ |

| क्र.स. | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| ८. | मा० गंगा प्रसाद यादव | ✓ |
| ९. | मा० ज्वाला कुमारी साह | |
| १०. | मा० डिल्ली राज पन्त | |
| ११. | मा० दिक्पाल कुमार शाही | |
| १२. | मा० नवल किसोर साह सुडी | |
| १३. | मा० बिना कुमारी थनैत | |
| १४. | मा० बिनिता कठायत | ✓ |
| १५. | मा० बिमला सुवेदी | ✓ |
| १६. | मा० मानबीर राई | |
| १७. | मा० मिना तामाङ | ✓ |
| १८. | मा० योगेन्द्र मण्डल | ✓ |
| १९. | मा० रुपा वि.क. | ✓ |
| २०. | मा० विजुला रायमाझी | |
| २१. | मा० विर बहादुर बलायर | |
| २२. | मा० विष्णु कुमार कार्की | |
| २३. | मा० सरस्वती सुब्बा | ✓ |
| २४. | मा० सूर्य कुमारी श्रेष्ठ | ✓ |
| २५. | मा० सूर्य प्रसाद ढकाल | ✓ |
| **आमन्त्रित:** | | |
| १. | डा. दिपक कुमार खराल, सचिव, कृषि तथा पशुपंछी विकास मन्त्रालय | ✓ |
| २. | डा. राजेन्द्र प्रसाद मिश्र, सहसचिव, कृषि तथा पशुपंछी विकास मन्त्रालय | ✓ |

## छलफल तथा निर्णय

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आजको बैठकमा उपस्थित समितिका सदस्यहरुमध्ये माननीय जेष्ठ सदस्य श्री अम्मर बहादुर थापाको सभापतित्वमा बैठक बस्यो । बैठकमा माननीय कृषि तथा पशुपंछी विकास मन्त्री, मन्त्रालयका सचिव र समितिका माननीय सदस्यहरुबीच कृषि तथा पशुपंछी विकास मन्त्रालयसँग सम्बन्धित रासायनिक मल खरिद, पशुचौपायमा देखिएको लम्पी स्कीन रोग तथा नेपाल सरकारले दुग्ध विकास बोर्ड र कपास विकास समितिको खारेजी गर्न गरेको निर्णय लगायतका समसामयिक विषयमा छलफल भयो । छलफलपश्चात् देहाय अनुसारको निर्देशन दिने निर्णय भयो-

१. कृषकहरुलाई आवश्यक पर्ने रासायनिक मल समयमा नै उपलब्ध गराउने व्यवस्था गर्न र वितरण कार्यलाई न्यायोचित र व्यवस्थित गर्न कृषि तथा पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने,

२. पशु चौपायामा देखा परेको लम्पी स्किन लगायतका सरुवा रोगको रोकथाम गर्ने कार्य तत्काल प्रभावकारी रुपमा गर्न कृषि तथा पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने,

३. नेपाल सरकारको आ.ब. २०८०/८१ को बजेट वक्तव्यमार्फत् दुग्ध विकास बोर्ड र कपास विकास समिति खारेज गर्ने निर्णयबाट लाखौं किसान तथा उपभोक्तालाई मर्का पर्न जाने देखिएको छ । सरकारको उक्त निर्णयबाट उल्लेखित निकायहरुबाट सम्पादन हुने कार्यहरुः नीति तथा योजना तर्जुमा, उत्पादित वस्तुको न्यूनतम् समर्थन मूल्य निर्धारण तथा सिफारिस, उत्पादन तथा उत्पादकत्व वृद्धि, वस्तुको गुणस्तर सुधार तथा परीक्षण, जनशक्ति व्यवस्थापन, आयात निर्यात प्रोटोकल तयार तथा बजार व्यवस्थापन, अध्ययन तथा अनुसन्धान, नवीनतम् प्रविधि विकास, औद्योगिक क्षेत्रलाई चाहिने कच्चा पदार्थको लागि आवश्यक धागो तथा कपडा उत्पादन गर्ने कार्य, प्रादेशिक स्तरमा आवश्यक समन्वय तथा सहकार्य लगायत समग्र किसान, उपभोक्ता र स्वदेशी उद्योगीहरुको हित प्रवर्द्धन गर्ने विषयमा पर्याप्त वैकल्पिक व्यवस्थाको सुनिश्चितता भएको नदेखिएकाले सरकारको उक्त निर्णय हाललाई कार्यान्वयन नगर्न/नगराउन नेपाल सरकार, अर्थ मन्त्रालय र कृषि तथा पशुपंछी विकास मन्त्रालयलाई निर्देशन दिने ।